

# ७ हाम्रो आत्माको अंकुश, येशू

<u>*यस अध्यायका मूल पदहरू:*</u> **हिब्रू ६:४-६, मत्ती १६:२४, रोमी ६:६, हिब्रू १०:२६-२९, हिब्र ६:९-१३ र हिब्र ६:१७-२०।**

**<u>*यस अध्यायको मूल सार पद:*</u>** *"हाम्रा आत्माको निम्ति दृढ़ र सुरक्षित लङ्गरको रूपमा यो आशा हामीसित छ। यो आशा पर्दाभित्रको पवित्रस्थानमा प्रवेश गर्दछ, जहाँ हाम्रा पक्षमा अग्रदूत भएर मल्कीसेदेकको दर्जाअनुसार येशू सदाकालको निम्ति प्रधान पूजाहारी भई प्रवेश गर्नुभएको छ" (हिब्रू ६:१९-२० रुपान्तरित)।*

विभिन्न ईश्वरीय ज्ञान, थियोलोजिकल वा आत्मज्ञानको व्याख्यालाई रोकेर हिब्रू ५:११-६:१९,२० पावलले हाम्रो पक्षमा भूमिका खेलिरहनुहुने येशूकोबारे चर्चा गर्दछन्। कोही व्यक्ति एक फेरा येशूलाई ग्रहण गरेपछि, बप्तिस्माको समयमा शपथ वा भाकल गरेपछि त्यस अनुसार नहिंडी उहाँको मार्गलाई वेवास्ता गर्दा वा त्यसबाट पतित हुँदा उसले कस्तो खतराको सामना गर्नुपर्छ भनेर पावलले कडा चेतावनी ती पदहरूमा दिएका छन्। पावलकै समयमा कतिपय मानिसहरू बप्तिस्मा लिएर येशूको पछि लाग्छु भनेर दावी गर्नेहरू नै उहाँलाई विश्वासघात वा आफ्नो जीवन र बोली वचनबाट अस्वीकार गर्दै आत्मिक जीवनमा चिप्लिएका प्रसस्त इसाईहरू थिए। आफ्नो भाऊ अनुसार चल्न नपाएकोमा वा आफ्नो अपेक्षा अनुसार उहाँबाट वा चर्चबाटै किन नहोस् फाइदा उठाउन नपाएकोले कतिपय ख्रिष्टियानहरूले येशूप्रतिको प्रतिवद्धतालाई पावलकै समयमा त्यागेका थिए। आफ्ना पाठक र श्रोताहरूको आत्मिक विवेकहरू सिथिल भएकोमा प्रेरित पावल अत्यन्तै चिन्तित थिए। तिनीहरूको त्यो अवस्था कठिन परिस्थितिको सामना गर्नुपरेकोले हुनसक्छ।

त्यसको फलस्वरूप सुसमाचारमा पहिले उत्साह, उमङ्ग, जोश जाँगरमा सिथिल भएका थिए र परमेश्वरको वचनप्रतिको मोह पनि सेलाएर गएका थिए र तिनीहरू आत्मिकरूपमा बाउन्ने हुन थालेका थिए।

वास्तविकरूपमा भन्नुपर्दा यस्तो आत्मिक खतरा वा समस्या के पावलको समयमामात्र थियो र के हाम्रो समयमा वा हाम्रै चर्चका विश्वासीहरूको बीचमा पनि छैनन् र? तिनीहरूले दुःखकष्ट, परिक्षा र अपेक्षा गरेको अनुसार तिनीहरूको इच्छा पूरा हुन नसकेकोले चर्चबाटमात्र होइन येशूमाथिको विश्वास नै त्यागीरहेको समाचारहरू इसाई जगतमा छ्यापछ्याप्ती छन्।

येशूलाई विश्वास गर्छु र उहाँको वचन अनुसार चल्छु भनेर पछाडि हट्नेहरूलाई कडा चेतावनी दिइसकेपछि पनि तिनीहरू फेरि सुसमाचारको बाटोमा आउन् भनेर उनले बडो स्नेहपूर्वक आग्रह गर्छन् र उत्साह पनि दिन्छन्। आफ्ना पाठकहरूको बीचमा भएको विश्वासलाई पावलले मुक्तकंठले प्रशंसा गर्दछन् र परमेश्वरको प्रतिज्ञा अनुसार कहिल्यै असफल नहुने तिनीहरूलाई दिइने मुक्ति येशूमा छन् भनेर उनले उहाँको प्रशंसा गर्दै उहाँलाई उचाल्दछन् (हिब्रू ६:९-२०)। चेतावनी र उत्साहदिन वचनहरू पावलले हिब्रू १०:२६-३९मा दोहोऱ्याउँछन्।

पावलका ती चेतावनी र उत्साहित बनाउने वचनहरूको साथै येशूले हामीलाई उपलब्ध गराउनुभएको हौशला दिने खालका वचनहरू यस अध्यायमा हामी नियाल्नेछौं।

## १. परमेश्वरको वचन कतिको असल छ भनेर जाँच्नु

**खीष्टप्रति बफादार भइरहनेक्रममा विश्वासीहरूलाई खीष्टमा पाउने स्वाद के हो भनेर पावलले जिकिर गरेको हिब्रू ६:४,५मा पढ्नुहोस्ः "किनकि तिनीहरू, जसले एक चोटि ज्योति पाएर स्वर्गीय वरदान चाखेका छन्, र पवित्र आत्माका सहभागी भएका छन्, ५ र परमेश्वरको उत्तम वचनको र आउने युगका शक्तिको स्वाद चाखेका छन्।"**

**"ज्ञानको** ज्योति पाउनु वा आत्मज्ञानले दिमाग चम्काउने" अनुभवको अर्थ हो कठोर संघर्षमा पनि परमेश्वरमाथिको आस्थामा स्थिर रहनु हो। यसलाई आत्मिक परिवर्तन पनि भनिन्छ। सैतानको "अन्धकारको शक्तिबाट" परमेश्वरको "ज्योति वा आत्मज्ञानमा" भित्रिने मानिसहरूलाई आत्मिक ज्ञानी वा

परमेश्वरप्रतिको ज्ञानमा दिमागलाई चम्काएर चल्ने (प्रेरित २६:१७,१८) भनेर पावलले सम्बोधन गर्दछन्। यसको अर्थ पापबाट (एफिसी ५:११) र अज्ञानताबाट (१ थेस्सोलोनिकी ५:४,५) स्वतन्त्र बनाइनु हो। जुन शैलीमा यो वचन प्रकट गरिएको हो यसले कोही मानिस ज्ञानको ज्योति वा दिव्यज्ञान पाउँछ भने त्यो परमेश्वरको काम हो जुन् येशूद्वारा प्राप्त हुन्छ, जो "परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ" (हिब्रू १:३)।

"स्वर्गको बरदानको स्वाद पाएको" र "पवित्र आत्मामा सहभागी हुनु" भनेको एकै खालको बोली हुन्। परमेश्वरको "बरदान" भनेकव उहाँबाट पाउने अनुग्रह हो (रोमी ५:१५) वा पवित्र आत्माद्वारा परमेश्वरले आफ्नो अनुग्रह विश्वासीहरूलाई प्रदान गर्नुहुन्छ (प्रेरित २:३८)। जो मानिसहरू पवित्र आत्माको स्वाद पाएका छन् (यूहन्ना ७:७-९, १ कोरन्थी १२:१३) तिनीहरूले परमेश्वरको "अनुग्रह"को अनुभव गरेका हुन्छन् जसमा उहाँको सदिच्छा अनुसार चल्न र पूरा गर्न शक्ति समावेश भएको हुन्छ (गलाती ५:२२,२३)।

"परमेश्वरको वचनको भलाइको स्वाद" (हिब्रू ६:५ रूपान्तरित) भन्नुको अर्थ नै व्यक्तिगतरूपमा सुसमाचारको सत्यताको अनुभव गर्नु हो (१ पत्रुस २:२,३)। "आउने युगका शक्तिहरू" भन्नुको अर्थ भविष्यमा विश्वासीहरूको निम्ति परमेश्वरले गर्नुहुने आश्चर्य कामहरू हुन्: पुनरुत्थान (यूहन्ना ५:२८,२९), नाशवान भौतिक चोलाको विनाशी चोलामा रूपान्तरित वा परिवर्तन र अनन्त जीवन।

ती आमूल परिवर्तन येशूको दोस्रो आगमनमा हुने भएतापनि उहाँमाथि आस्था, भरोसा राखेर उहाँको चाहना अनुसार जीवनशैली चल्नेहरूले अहिल नै त्यो "स्वाद" पाइरहेको हुन्छ। तिनीहरू आत्मिकरूपमा पुनरुत्थान भएको अनुभवा गर्दछन् (कलस्सी २:१२,१३), नयाँ दिमाग वा सोच (रोमी १२:२), र ख्रीष्टमा अनन्त जीवन (यूहन्ना ५:२४)।

जब पावलले ती कुराहरूको चर्चा गरे तब उनको दिमागमा इस्राएलीहरूले मरुभूमिमा यात्रा गर्दा परमेश्वरको अनुग्रह र मुक्तिको अनुभवलाई सम्झेको हुनुपर्दछ। मरुभूमिमा यात्रा गर्दा ती इस्राएलीहरूलाई आगोको खम्बाबाट (नेहमिया ९:१२,१९, भजन १०५:३९) तिनीहरू चम्किएका थिए, स्वर्गको बरदान मन्नाले तिनीहरूलाई आनन्दित बनाएको थियो (प्रस्थान १६:१५), पवित्र आत्माको अनुभव गरेका थिए (नेहमिया ९:२०),

"परमेश्वरको असल वचन"को (यहोशू २१:४५) स्वाद तिनीहरूले पाएका थिए, "र आउने युगका शक्तिहरू" वा तिनीहरूलाई इजिप्टबाट छुटकारा गर्दा तिनीहरूको निम्ति अनेकौ अचम्मका काम र चिन्हहरू गरिएका थिए (प्रेरित ७:३६)। जसरी राती बादलको खम्बा र दिउँसो आगोको खम्बा ती इस्राएलीहरूमाथि ४० वर्षसम्म सँगसँगै गएका थिए र विभिन्न चर्तिकलाहरूद्वारा परमेश्वरको उपस्थिति तिनीहरूमाथि वास्तिवकरूपमा छ भनेर देखाएतापनि (गन्ती १४:१-३५) कतिपय ती इस्राएलीहरू पथभ्रष्ट भएर परमेश्वरमाथि गद्दारी गरेर नाशको बाटोमा हिंडेका थिए त्यसरी नै हिब्रूमा पाठकहरू पनि हिंड्ने खतरामा थिए भनेर पावल चिन्तित थिए। इस्राएलीहरूको पक्षमा परमेश्वर रहनुभएर उहाँका आशिषहरूको उपभोग गरेर एक फेरा आनन्द मनाएतापनि तिनीहरू परमेश्वरबाट चिप्लिएको जस्तै इसाई हुँ भनेर दावी गर्नेहरू पनि उहाँको उपस्थिति र आशिषको अनुभवको वावजुद पनि परमेश्वरबाट चिप्लिने वा खस्किने सम्भावना भएको थियो भनेर पावलले खुलासा गर्दछन्।

**पावलले हिब्रूमा व्यक्त गरेका माथिका वचनहरूको सन्दर्भमा तपाईंको आफ्नो व्यक्तिगत अनुभव कस्तो छ? के तपाईंले परमेश्वरको वचनबाट आत्मज्ञानको ज्योति पाएर तपाईंको मन र जीवन चम्किरहेको छ?**

## २. पुनर्थापित वा पहिलेकै स्थितिमा आउन असम्भव

**क्रूसमा लटपटिएको जीवन भनेको के हो भनेर देहायका पदहरूले कस्तो आत्मज्ञान हामीलाई प्रदान गर्दछ? ती पदहरू एक आपसमा तुलना गरेर अध्ययन गर्नुहोस्: हिब्रू ६:४-६ "किनकि तिनीहरू, जसले एक चोटि ज्योति पाएर स्वर्गीय वरदान चाखेका छन्, र पवित्र आत्माका सहभागी भएका छन्, र परमेश्वरको उत्तम वचनको र आउने युगका शक्तिको स्वाद चाखेका छन्, त्यसपछि पनि विश्वास त्याग गरी तिनीहरू पतित भए भनेता तिनीहरूलाई पश्चात्ताप गर्ने स्थितिमा फेरि ल्याउनु असम्भव छ। किनभने तिनीहरूले आफ्नै खातिर परमेश्वरका पुत्रलाई फेरि क्रूसमा टाँग्छन्, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्।", मत्ती १६:२४ "तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, 'कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्।', रोमी ६:६ "हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्,**

**र अब उसो हामी पापका कमारा नहोऔं।", गलाती २:२० "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।", गलाती ५:२४ "तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्।" र गलाती ६:१४ "हाम्रा प्रभु येशू ख्रीष्टको क्रूस बाहेक अरू कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि, र संसार मेरो लेखि क्रूसमा झुण्ड्याइएको छ।"**

हिब्रू ६:६मा उल्लेखित शब्द "असम्भव" ग्रीक भाषामा अझ जोर उल्लेखित गरेको छ। एक फेरा जो व्यक्ति येशूलाई उत्साह, उमङ्गसाथ ग्रहण गर्छ तर त्यो व्यक्ति पतित भएभने वा त्यस विश्वासलाई सेलाउन दियो भने त्यो व्यक्तिले मुक्ति पाउन असम्भव छ किनभने उसले परमेश्वरको पुत्रलाई ताजैरूपमा क्रुसमा टाँगिरहेको हुन्छ। अरू कुनै तरिका, विधि वा व्यवस्था पालन गरेर मुक्ति पाइने होइन तर *येशूबाटमात्र मुक्ति पाइन्छ* (प्रेरित ४:१२) भनेर पावलले जोर दिएको चाहन्छ। अरू कुनै बाटो, तरिका, धर्मकर्म आदिबाट मुक्ति पाउन असम्भव छ किनभने जसरी "परमेश्वरले झुठो बोल्न" असम्भव छ (हिब्रू ६:१८) त्यसरी नै अरू कुनै बाटो अपनाएर मुक्ति पाउनु वा अहिले नै मुक्तिको स्वाद पाउनु असम्भव छ। यदि कोही व्यक्ति परमेश्वरमा सक्रिय आस्था वा विश्वास भएन भने त्यो व्यक्तिले उहाँलाई खुशी पार्न असम्भव छ (हिब्रू ११:६)।

येशूलाई क्रूसमा फेरि टाँगिरहने भन्ने शब्दचित्रले येशूलाई व्यक्तिगतरूपमा विश्वासीको सम्बन्ध छ भनेर देखाउँदछ। आफ्नो जीवनशैलीबाट येशूलाई पन्छाएर हिंड्छ भने त्यस व्यक्तिले येशूलाई क्रूसमा अहिले पनि टाँगिरहेको हुन्छ। त्यसको अर्थ, उहाँको त्याग, बलि, चाहना र प्रेमप्रति त्यो व्यक्ति संवेदनशील नभएको वा वास्ता नभएको देखाउँछ। व्यक्तिगत रूपमा उहाँलाई क्रूसमा टाँगिरहने वा नटाँगिरहने अधिकार प्रत्येक येशूभक्त वा इसाई हुँ भनेर दावी गर्नेमाथि नै निहित भएको छ।

येशूलाई क्रूसमा टाँग्नेहरू बाइबल वा पुरानो करारका धुरन्धर विद्वानहरू, शास्त्रीहरू, धार्मिक अगुवा वा पण्डितहरू नै थिए। तिनीहरू येशू र उहाँको इज्जतभन्दा आफू उच्च हुन चाहेको थिए, तिनीहरूले आफ्ना

अधिकारलाई सञ्चित गर्न चाहेका थिए। येशूको बाहुल्यताबाट अलग हुन चाहेका थिए। मानिसहरूबाट पाउने मान सम्मानमा धक्का पाउने भएकोले नै तिनीहरूले येशूलाई क्रूसमा टाँगेका थिए। तिनीहरूको निम्ति येशू अत्यन्तै शक्तिशाली, प्रभावकारी, खतरा हुनुभएको थियो। तिनीहरूलाई उहाँले नै हाँक वा चुनौति दिनुभएको थियो जसको फलस्वरूप उहाँले तिनीहरूको इज्जत, ओहोदा, मान मर्यादा र प्रतिष्ठाको भन्डाफोर गर्नुभएको थियो। त्यसले गर्दा नै येशू तिनीहरूको परमशत्रु भन्नुभएको थियो (अहिले पनि ती प्रवृत्ति भएका धर्मगुरूहरू जोसुकै किन नहोस् ग्रष्ट भएको छैन भन्न मिल्दैन-अनुवादक)। त्यसैकारण त्यस शक्तिशाली र खतरापूर्ण शत्रुलाई सदाको निम्ति तय गर्न वा हटाउन तिनीहरूले मिलोमत्तो गरेका थिए। त्यसरी नै आज पनि प्रत्येक व्यक्तिको आत्मनिर्णय र प्रभुत्वलाई मौलिक वा उसको अन्तरविवेकको तहमा नै सुसमाचार चुनौतीको रूपमा खडा भइरहेको हुन्छ। इसाई जीवनको मुख्य सार दिक्षा, निचौड र मौलिक शिक्षा नै आफ्नो क्रूस उठाउनु र आफूलाई त्याग्नु हो (मत्ती १६:२४)। यसको अर्थ "संसार वा संसारको आफ्नो भाऊ खोज्ने प्रवृत्तिलाई (गलाती ६:१४) क्रूसमा टाँग्नु हो। पावलले त्यसलाई "पुरानो मानिस वा वर्तमान पूर्वजन्म" भनेर सम्बोधन गर्दछन् (गलाती ५:२४ रूपान्तरित)। सांसारिक लोभ, महत्त्वाकाँक्षा वा भौतिक जीवनले खोजेको अनुराग वा चाहनालाई येशूभक्तिले मार्नु हो। हाम्रो जीवनमा त्यस अनुभव वा मनस्थिति बिना परमेश्वरले हामीलाई दिन चाहनुभएको अनन्त जीवन वा नयाँ जीवन जुन अहिलेदेखिनै सुरु हुन्छ हामी पाउन सक्दैनौं (रोमी ६:१-११)।

हाम्रो हृदयको सिंहासनमा येशूलाई राख्ने हो कि आफै बस्ने हो त्यो द्वन्द्वमा पर्नु भनेकै मृत्युको अनुभव गर्नु हो (रोमी ८:७,८; गलाती ५:१७)। यो कठिन युद्ध एकैचोटी लडेर सिद्धिने वा जितिने होइन। यस अंशले कहिलेकाहींमात्र "आफ्नो पुरानो व्यक्तित्व" र "भौतिक अर्थात् शारीरिक" रूपमा संघर्ष गरेर असफल हुनु भनेको छैन। एकफेरा येशूलाई हृदयदेखि ग्रहण गरेर उहाँको मुक्तिको अनुभव गर्ने र उहाँको वचन अनुसार चल्छु भनेर किरिया खाने दिनदेखि हाम्रो जीवनमा येशू र हाम्रो शक्तिको बीचमा संघर्ष सुरु हुन्छ (हिब्रू ६:४,५)। कस्तो खालको जीवन येशूले हामी बिताउन चाहनुहुन्छ भन्ने उहाँको चाहना र कस्तो खालको पतित जीवन हामी बिताउन चाहन्छौं त्यसको घम्साघम्सी चलिनै रहेको हुन्छ किनकि हाम्रो पापमय जीवन वा आफ्नो भाऊलाई माथि उचाल्ने, शारीरिक अभिलाषा, आँखाको अभिलाषाको

निम्ति येशूले धावा बोलिरहनुभएको हुन्छ। तर यदि कोही विश्वासी आफ्नो जीवनमा लडिबुडी खेल्न वाध्य भएतापनि वा येशूलाई पूरै नत्यागिकन उहाँलाई हृदयमा सजाएर राख्न सकियो भने त्यसको निम्ति मुक्तिको आशा पल्हाइनै रहेको हुन्छ। एकफेरा विश्वासमा चुक्यो भन्दैमा सधैं चुक्छ भन्ने छैन, मुक्तिको निम्ति उसलाई अवसर प्रदान गरिनै रहेको हुन्छ।

**"आफू मर्नु वा आफूलाई मारिनु", "आफूलाई क्रूसमा टाँगिनु" भन्नुको अर्थ के हो? तपाईंको जीवनमा तपाईंलाई अत्यन्तै मनपर्ने वा तपाईंलाई दवाइ राख्ने कुन तत्वलाई येशूलाई सुम्पनु अत्यन्तै कठिन भइरहेको छ भनेर अनुभव गरिरहनुभएको छ?**

## ३. पापको निम्ति बलि बाँकि हुँदैन

जुन भावनाहरू व्यक्ति गरेर चेतावनी वा सतर्क गराइएका शब्दहरू हिब्रू ६:४-६मा पाइन्छ त्यस्तै खालका भावनाहरू हिब्रू १०:२६-२९मा पनि पाइन्छ। येशूले आह्वान गर्नुभएको परमेश्वरतिर फर्किने आह्वानलाई नमान्ने, उहाँको बलिलाई वेवास्ता गर्ने, एकफेरा विश्वास गरेपछि फेरि उहाँलाई आफ्नो मन, वचन र जीवनशैलीबाट त्यागीरहने र उहाँको बारेमा सुनेर पनि उहाँलाई पन्छाउनेहरूको निम्ति पापको क्षमा बाँकि हुँदैन भनेर पावलले आफ्ना पाठकहरूलाई आफ्नो स्पष्ट धारणा राख्दछन् किनभने येशूबाट पाइने पापको क्षमा बाहेक अरू कसैबाट पाइन्दैन (हिब्रू १०:१-१४)।

**बाइबल अनुसार परमेश्वरको आज्ञा नमान्नु नै पापको परिभाषा त हो। येशूलाई विश्वास गरेर उहाँको कदममा हिंड्नेलाई पापको क्षमा उपलब्ध त छ, तर हिब्रूको लेखकले पापको क्षमा कुन तीन स्थितिहरूमा गायब हुन्छ भनेर बताउँदछन्? हेर्नुहोस्, हिब्रू १०:२६-२९ "किनकि यदि सत्यताको ज्ञान पाएर पनि हामीले जानी-जानी पाप गर्‍यौं भने पापको निम्ति अब उसो अरू कुनै बलिदान रहँदैन, तर इन्साफको डरलाग्दो प्रतीक्षा र विरोधीहरूलाई भस्म गर्ने क्रोधको अग्नि मात्र रहनेछ। मोशाको व्यवस्थालाई उल्लङ्घन गर्ने मानिस दुई वा तीन साक्षीहरूका गवाहीमा दयाविना मर्नुपर्छ भने तिमीहरू आफै विचार गर: *परमेश्वरका पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको रगतलाई (येशूको रगत) अपवित्र बनाउने र अनुग्रहका आत्मालाई अपमान गर्नेचाहिँ झन् कति बढी कड़ा दण्डको योग्य ठहरिनेछ*" (रूपान्तरित)।**

याद गर्नुहोस्, सत्यको आत्मज्ञान पाएपछि फेरि कसैले पाप गर्‍यो वा कमिकजोरीको कारण विश्वासमा असफल हुन गयो भने त्यसले क्षमा पाउँदैन भनेर लेखकले यहाँ भन्न खोजेको छैन। हाम्रो निम्ति पैरवी गर्न, बिन्ती गर्न र हाम्रो पक्षमा बोल्न परमपिता परमेश्वरले येशूलाई नियुक्ति गर्नुभएको थियो (१ यूहन्ना २:१)। उहाँद्वारा नै हामीले गरेका पापहरूको क्षमा पाउँछौं (१ यूहन्ना १:९)। तर पापको निम्ति कुनै बलि उपलब्ध हुन सक्दैन वा नजानी वा कहिलेकाहीं जानी पाप वा अधर्ममा फस्दा त्यसको निम्ति पापको बलि वा क्षमा हुँदैन भनेर लेखकले भनेको छैन। तर जब कुनै पनि व्यक्तिले यी तीन स्थितिमा आफूलाई पुर्‍याउँछन्, उसको निम्ति पापबलि र क्षमा उपलब्ध हुँदैन वा मुक्ति पाइनेछैन भनेर लेखकले आफ्नो स्पष्ट धारणा यसरी राख्दछन्: (१) परमेश्वरको पुत्रलाई कुल्चिने वा उहाँको बारेमा सुनेर पनि उहाँलाई हेपेर पाखा लगाउने (२) करारको रगत वा येशूको बलिले परमेश्वर र मानिसको बीचमा ल्याउने मिलनको दुरुपयोग, अनादर, बिटुलो पार्ने वा होच्याउने, (३) र आन्तरिक विवेकमा कुन असल, उचित र धार्मिकताको बाटोमा हिँड्नु पर्छ भनेर पवित्र आत्माले बोलिरहनुहुने आवाजलाई अपमान गरिरहने वा वेवास्ता गर्ने (हिब्रू १०:२९)। लेखकले व्यक्त गरेका माथिका भावनाहरूको अर्थलाई अलिकति केलाऔं।

"परमेश्वरका पुत्रलाई खुट्टामुनि कुल्चने" (हिब्रू १०:२९) भन्नुको अर्थ उहाँलाई विश्वास नगर्नेमात्र नभएर आफ्नो जीवनमा उहाँको प्रभुत्वलाई त्याग्ने वा जीवनमा उहाँको निर्देशन अनुसार चल्न नचाहने भनेर व्याख्या गरिन्छ। "परमेश्वरको पुत्र" भन्ने उहाँको दर्जाले उहाँलाई परमेश्वरको दाहिने हाततर्फ आसिन गराइएको छ भनेर आफ्ना पाठकहरूलाई लेखकले याद दिलाउँछन्, साथै उहाँले उहाँका शत्रुहरूलाई उहाँको पाऊमुनि राख्नेछन् (हिब्रू १:१३, १:५-१२,१४)। उहाँका शत्रुहरूभन्दा उहाँलाई विश्वास नगरी दुष्ट जीवन रुचाउनेहरूमात्र होइन,परमेश्वरको प्रतिज्ञालाई पनि सरासर अस्वीकार गर्नेहरू हुन्। त्यसको अर्थ येशूका विरोधीहरू वा उहाँलाई विश्वास नगर्ने वा उहाँलाई विश्वास गरेर पनि आफ्नो आस्थामा पछाडि फर्किनेहरूले उहाँलाई आफ्नो शत्रुजस्तै ठान्नुहुन्छ। यस किसिमले येशूप्रतिको आस्थालाई त्याग्ने मानिसले आफ्नो हृदयको सिंहासनमा बिराजमान हुनभएको येशूलाई त्यहाँबाट घचेटेर आफू वा सैतानलाई नै त्यसमा राख्द दिनु हो वा येशूको प्रभुत्वलाई अस्वीकार गर्नुनै उहाँलाई पाऊमुनि राख्नु हो भन्ने सन्देश त्यस व्यक्तिले प्रत्येक

मानिसलाई देखाउँदछ। यो चाहना स्वर्गमा लुशिफरको थियो (यशैया १४:१२-१४)। मानिसको हृदयको गद्दीमा आफू बस्ने र विधिको शासन नमान्ने वा परमेश्वरको आज्ञा अनुसार चल्न नचाहने लुशिफरले अहिलेमात्र प्रयास गरिरहने होइन येशू नआउञ्जेल भविष्यमा पनि त्यो प्रयास जारी राख्नेछ (२ थेस्सोलिनिकी २:३,४)।

"आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने" भन्नुको अर्थ मानिसलाई पापबाट मुक्त गर्न आफूलाई बलि चढाउनुभएको कामलाई उसले ठाडै अस्वीकार गर्नु हो (हिब्रू ९:१५-२२)। त्यसको अर्थ स्पष्ट छः येशूको रगतमा मानिसको पाप धुने शक्ति वा अधिकार छैन। बरू आफ्नै धर्मकर्म, अथक प्रयास, असल वा परोपकारीय काम आदिद्वारा मुक्ति पाउन खोज्नु वा स्वर्ग जान खोज्नु हो। आफ्नो आत्मिक वा आध्यात्मिक जीवनमा येशूको कुनै सरोकार नभएको भन्ने सन्देश दिनु पनि हो।

"अनुग्रहका आत्मालाई अपमान गर्ने" (हिब्रू १०:२९) भन्ने कथन अत्यन्तै शक्तिशाली वा प्रभावशाली छ। यसमा प्रयोग गरिएको ग्रिक शब्द *enbrisas-इनब्रिसास* हो जसको अर्थ "बेइज्जत गर्नु, अतिक्रमण गर्नु, तिरस्कार गर्नु, आघात पुऱ्याउनु, उल्लङ्घन गर्नु वा रिस उठाउनु" जस्ता हुन्। यस मनस्थितिले मानिसलाई अत्यभिमान, सेखी, अहम, घमण्डी, हठी र आफूलाई परमेश्वरभन्दा महान् भन्ने प्रवृत्तिमा धकेल्छ। यसले मानिसलाई उद्धन्त वा उग्र बनाउँछ। मानिसमा हुने ती सबै पतित स्वभाव वा मिजासले सजिएर मानसिक स्थितिले ग्रष्ट हुनुको बिपरित पवित्र आत्माको स्वभाव बिलकुल फरक छ। उहाँलाई "अनुग्रहको आत्मा वा मिजास" भनेर परिभाषित गरिएको छ। परमेश्वरको भक्तिमार्गमा भ्रष्ट भएर चल्ने मानिसले उहाँको अनुग्रहको उपहारलाई बेइज्जत गर्छन् वा कुकुरले मोतीलाई कुल्चेको जस्तै हो।

यस पवित्र आत्मा वा परमेश्वरको आवाजलाई मेचेर चल्ने प्रवृत्ति भएको मानिसले आफूलाई सैतान वा कसैको आक्रमणबाट सुरक्षित नहुने बनाउँछ। यस खालको मानिस पराजयको स्थिति वा अरूले सधैं दवाउन सक्नेहुन्छ। उसले येशूलाई, उहाँको त्याग र बलिलाई र पवित्र आत्मालाई अस्वीकार गर्दै आफूलाई उहाँको विरोधी पक्षमा उभ्याइरहेको हुन्छ।

## ४. उत्तम कुराहरू

हिब्रू ६:४-८मा पावलले हृदयदेखि नै कडा चेतावनी हिब्रूका पाठकहरूलाई दिएका थिए। त्यस चेतावनिको लगत्तै तिनीहरू तत्कालिन र पछि पनि येशूप्रति तिनीहरूको विश्वास निरन्तररूपमा भइरहेको होला र होस् भनेर तिनीहरूमाथि आफ्नो विश्वास पावलले प्रकट गर्दछन्। आफ्ना पाठकहरूले उनले दिएका चेतावनीहरू सकारात्मकरूपमा लिएर त्यसबाट तिनीहरूले उचित फलहरू फलाउन सहयोग गर्नेछ भन्ने कुरामा आफू विश्वस्त भएको जानकारी उनले दिँदछन्। उनका वचन तथा चेतावनीहरू "जमिन" जस्तै छन् जसलाई परमेश्वरले खनजोत गर्नुहुन्छ र उहाँले अपेक्षा गर्नुभएको अनुसार तिनीहरूले फल फलाउँछन्। ती मानिसहरूले परमेश्वरबाट आशिष पाउनेछन् (हिब्रू ६:७), जुन "मुक्ति" हो (हिब्रू ६:९)।

**हिब्रू ६:९-१२मा हिब्रूका पाठकहरूले असल कामहरू गरेको सूची उल्लेख गरिएको छ। तिनीहरूले ती उचित र असल कामहरूलाई निरन्तरता देओस् भन्ने पावलको चाहना थियो। ती कामहरूको अर्क के हो? सोच्नुहोस्। हेर्नुहोस्ः "९ हामीले यस्ता कुरा भने तापनि तिमीहरूका विषयमा चाहिँ, प्रिय हो, मुक्तिसम्बन्धीका अझ असल कुराको बारेमा हामी निश्चित छौं। १० परमेश्वर अन्यायी हुनुहुन्न, र तिमीहरूका काम र उहाँको खातिर सन्तहरूका सेवामा तिमीहरूले देखाएको प्रेम उहाँले भुल्नुहुन्न। तिमीहरू अझै पनि त्यस्तै सेवा गरिराखेका छौ। ११ हामी चाहन्छौं, कि तिमीहरू प्रत्येकले आफ्ना सम्पूर्ण आशा प्राप्त गर्नका निम्ति अन्त्यसम्मै त्यही तत्परता देखाउनेछौ, १२ यस उद्देश्यले कि तिमीहरू सुस्त हुनेछैनौ, तर तिनीहरूका अनुकरण गर्नेछौ, जुनहरू विश्वास र धैर्यद्वारा प्रतिज्ञाका हकदार हुन्छन्।**

जब परमेश्वरका भक्तजनहरूले तिनीहरूको प्रेम परमेश्वरको "नाउँ"तिर देखाउँछन् त्यसको अर्थ परमेश्वर आफैलाई तिनीहरूले प्रेम र सम्मान गरेको उहाँले ठहऱ्याउनुहुन्छ। तिनीहरूले परमेश्वरलाई प्रेम गरेको छ भनेर देखाउने प्रमाण नै सन्त अर्थात् उहाँका भक्तजनहरूको सेवा हो। तिनीहरूले विगतमा पनि सन्तहरूको सेवा गरेका थिए, तर वर्तमान समयमा पनि त्यसले निरन्तरता पाउन् भन्ने पावलको चाहना थियो। ठूला ठूला वा असाधारण कामहरू गरेर व्यक्तिले आफ्नो असली चरित्र देखाउँदैनन्। परमेश्वरप्रतिको प्रेम ठूलो छ भनेर अनेकौं "धार्मिक वा धर्मकर्म" काम आफैबाट देखाउँदैन। तर मानिसहरूप्रति प्रेम देखाउनु नै परमेश्वरप्रति प्रेम

देखाउनु हो, र त्यसमा पनि विशेष गरेर दुःख, कष्ट, अभावग्रस्त र पिडित मानिसहरूप्रति संवेदनशील भएर तिनीहरूको सेवा गर्दा परमेश्वरप्रतिको प्रेम र भक्तिको खुलारूपमा व्यक्त गरिएको हुन्छ (मत्ति १०:४२, मत्ती २५:३१-४६)। त्यसकारण, मानव कल्याणको निम्ति असल काम गर्न "नबिर्सनु" भनेर पावलले येशूभक्तहरूलाई सम्झाउँछन् (हिब्रू १३:२,१६)। हिब्रू ६:१२ केलाएर हेर्नुहोस्। यहाँ ती मानिसहरूको सुस्त मनस्थितिलाई शब्दकोषमा, "गोज्याङ्ग्रो," "अरूहरूप्रति रुची नदेखाउने वा असंवेदनशील हुने", "अल्छी", "जोस जाँगर नभएको" भनेर व्याख्या गरिएको छ। इसाई हुँ भनेर दावी गर्ने नै किन नहुन्, यदि तिनीहरूमा यस खालको स्वभाव छ र आफ्नो खुबीमा परिपक्व हुन अस्वीकार गर्नेहरू विश्वासबाटै भड्किएर जाने संभावना धेरै हुन्छ भनेर पावलले जिकिर गर्दछन् (हिब्रू ५:११, हिब्रू ६:१२)। म विश्वास गर्छु भनेर दिमागमामात्र खेलाएर वा दिमागलाई कसरत गराएर आशालाई जीवित राखिन्दैन, तर विश्वासद्वारा परिचालित भएर प्रेमका कामहरू गरेर हामीमा भएका येशूप्रतिको आस्थालाई जलाइ राखेको हुन्छ (रोमी १३:८-१०)। परमेश्वरप्रतिको आस्था र धैर्यताले सम्पन्न भएर प्रतिज्ञाहरूमा सहभागी हुनेहरूको अनुसरण गर भनेर पावलले आफ्नो पाठकहरूलाई आग्रह गर्दछन्। उजाड स्थान वा मरुभूमिमा ४० वर्ष यात्रा गर्न वाध्य भएका इस्राएलीहरूको उदाहरण नकारात्मक थिए, किनभने तिनीहरूमा परमेश्वरप्रतिको विश्वास, भरोसा र दृढ्ताको कमी थियो। त्यसको फलस्वरूप तिनीहरूलाई गरिएको प्रतिज्ञा अनुसारको देश तिनीहरूले कब्जा गर्न सकेनन्। तिनीहरूको त्यो अनुभव पावलले आफ्ना पाठकहरूलाई प्रस्तुत गरेका थिए। अनि त्यसको विपरित अब्राहममा (हिब्रू ६:१३-१५) "विश्वास र धैर्यता" भएकोले उनलाई प्रदान गरेका प्रतिज्ञाहरू उनले पाएका थिए भनेर पावलले पाठकहरूलाई याददिलाउँछन्। अनुकरणीय उदाहरण बनेका विश्वास अर्थात् परमेश्वरमा भरोसा राख्ने सकारात्मक पात्रहरूको सूची हिब्रू ११मा लामो छ। त्यस सूचीमा येशूको विश्वास र धैर्यताको अनुकरणीय उदाहरण अत्यन्तै उत्कृष्ट छ भनेर हिब्रू १२:१-४मा पावलले उल्लेख गर्दछन्। युगको अन्तमा रहिरहने परमेश्वरका भक्तजन वा सन्तहरूको चरित्रमा विश्वास, धैर्यता र आज्ञाहरू पालन गर्नेले सजिनुपर्छ भनेर प्रकाश १४:१२मा उल्लेख गरिएको छ।

**कहिलेकाहीं हामीले माया गर्नेहरूलाई चेतावनीका वचनहरू दिनुपर्दछ। विश्वासीहरूलाई चेतावनी दिने र उत्साह दिने पावलको उदाहरणबाट हामीले के सिक्न सक्छौं?**

## ५. येशू, हाम्रो प्राण वा जीवनको अङ्कुस

येशूलाई विश्वास गर्ने आफ्ना प्रियजनहरू अर्थात् हिब्रूका पाठकहरूलाई तिनीहरूले पाएका आस्थाबाट भ्रष्ट नहोस् भनेर चेतावनी दिइसकेपछि आफ्नो पत्रलाई प्रेमपूर्वक र विश्वासमा ढाडस गराउँदै आफ्नो भनाइको अन्त्य अत्यन्तै सोन्दर्यमय तरिकाले गर्दछन्। त्यस अन्त्यमा पावलले येशूमा पाइने आश्वासन, उत्साह, भरोसा, जोश र जाँगरलाई उल्लेखनीय तरिकाले उजागर अर्थात् व्याख्या गर्दछन्।

**हिब्रू ६:१७-२० पढ्नुहोस्। परमेश्वरले हामीलाई दिनुभएको प्रतिज्ञाहरूको ग्यारेन्टी वा प्रत्याभूति उहाँले कसरी प्रदान गर्नुभएको छ त? हेर्नुहोस्, "१७ परमेश्वरले आफ्नो प्रतिज्ञाका हकदारहरूलाई बदली हुन नसक्ने उहाँको अभिप्राय पक्का गरी देखाउन चाहनुभयो। उहाँले शपथ खाएर नै त्यो निश्चय गरिदिनुभयो। १८ बदली हुन नसक्ने यी दुई कुराहरूमा परमेश्वर असत्य ठहरिनु असम्भव छ। यसैकारण हामी शरण लिनेहरूले हाम्रा सामु राखिदिएको आशा प्राप्त गर्ने ठूलो हौसला पाएका छौं। १९ हाम्रा आत्माको निम्ति दृढ़ र सुरक्षित लङ्गरको रूपमा यो आशा हामीसित छ। यो आशा पर्दाभित्रको पवित्रस्थानमा प्रवेश गर्दछ, २० जहाँ हाम्रा पक्षमा अग्रदूत भएर मल्कीसेदेकको दर्जाअनुसार येशू प्रधान पूजाहारी भई प्रवेश गर्नुभएको छ।**

परमेश्वरले दिनुभएका प्रतिज्ञाहरूको ग्यारेन्टी वा वचनवद्धता विभिन्न तरिकाले हामीलाई दिनुहुन्छ। पहिलो त, उहाले शपथनै खाएर उहाँको वचनको ग्यारेन्टी वा कबुल गर्नुभएको थियो (हिब्रू ६:१७)। धर्मशास्त्र बाइबलको अनुसार, परमेश्वरले अब्राहम र दाउदसँग बाँध्नुभएको शपथ नै आखिरमा आएर उहाँ इस्राएलीहरूको पक्षमा हुनुहुन्छ भन्ने विश्वास तथा भरोसाको आधार बनेको थियो। इस्राएलीहरूले सुनको बाच्छो बनाएर आफूहरूको परमेश्वर त्यही हो भनेर उहाँलाई पशुमा झारेर पूजा गर्दा परमेश्वर अत्यन्तै क्रोधित भएर तिनीहरूलाई सखाप पार्छु भनेर मोशालाई भन्नुभएको थियो। त्यसबेला तिनीहरूको निम्ति अनुनय विन्ती गर्दै परमेश्वरले अब्राहमसँग गर्नुभएको शपथलाई मोशाले उहाँलाई याद दिलाएका थिए (प्रस्थान

३२ः११-१४, उत्पत्ति २२ः१६-१८)। परमेश्वरको शपथ कहिल्यै पनि रद्द हुँदैन भन्ने आधारमा बल पाउँदै मोशाले मूर्तिपूजा गर्ने इस्राएलीहरूको निम्ति बिन्ति गरेका थिए (रोमी ९ः४, रोमी ११ः२८,२९)।

त्यसरी नै भजनसँग्रहको लेखकले इस्राएलीहरूको निम्ति जब पहल वा बिन्ति गरे तब परमेश्वरले दाउदसँग गर्नुभएको करार वा शपथलाई दावी गरेका थिए। परमेश्वरले भन्नुभएको थियोः "३४ म मेरो करार भङ्ग गर्नेछैनँ, अथवा मेरो मुखबाट निस्केको वचन बद्लनेछैनँ। ३५ मैले सदाकालको निम्ति आफ्नो पवित्रताको यो शपथ खाएको छु— अनि दाऊदलाई म ढाँट्नेछैनँ— ३६ कि त्यसको वंश सदाको निम्ति रहनेछ, र त्यसको सिंहासनचाहिँ सूर्यझैं मेरो अगाडि स्थिर रहनेछ। ३७ आकाशमा रहेको विश्वसनीय साक्षी चन्द्रमाझैं, सदाकालको लागि त्यो स्थापित रहनेछ" (भजनसंग्रह ८९ः३४-३७)। नयाँ करारमा उल्लेख गरिएको अनुसार परमेश्वरले अब्राहमसँग गर्नुभएको उहाँले उनलाई दिनुहुने सन्तान र दाउदको सिंहासनमा उक्लेर राज गर्नुहुने व्यक्ति येशूबाट नै पूरा भएको थियो (गलाती ३ः१३-१६, लूका १ः३१,५४,५५)। दोस्रोमा, येशू परमेश्वरको सिंहासनको दाहिनेपट्टी बस्नुभएको कारणले परमेश्वरले हामीलाई दिनुभएको प्रतिज्ञाहरूको ग्यारेन्टी वा जमानत हुन पुगेको थियो। विश्वासीहरूसँग बाँध्नुभएको प्रतिज्ञाको प्रमाणलाई अनुमोदन गर्न येशूको लक्ष्य पूरा गर्ने उहाँ सिंहासनमा उक्लिनुभएको थियो। पावलले यो जिकिर गर्दछन्, "हाम्रा पक्षमा अग्रदूत भएर मल्कीसेदेकको दर्जाअनुसार येशू प्रधान पूजाहारी भई प्रवेश गर्नुभएको छ" (हिब्रू ६ः२०)। प्रभु येशू स्वर्गको सिंहासनमा उक्लिनुले नै परमेश्वरले हामीलाई दिनुहुने मुक्तिको निश्चियताको प्रकट गर्दछ। "सबैको निम्ति मृत्यु" चाख्नुभएर येशूलाई परमेश्वरले महिमामा लानुभएको थियो। उहाँले धेरै सन्तान वा विश्वासीहरूलाई महिमामा लान नै (हिब्रू २ः९,१०) उहाँ पहिले त्यहाँ उक्लिनुभएको थियो।

हाम्रो "आत्मा,जीवन वा प्राणको अङ्कुस वा लङ्गर" (हिब्रू ६ः१९) नै परमेश्वर पिताको सामु येशूको उपस्थिति हो। त्यो अङ्कुस परमेश्वरको सिंहासनमा बाँधिएको छ। येशूद्वारा पूरा गरिएको परमेश्वरको प्रतिज्ञा नै उहाँको शासनको सम्मान थियो। हामीमाथि परमेश्वरले गर्नुभएको निगाहाको प्रतिज्ञा येशूको अथक प्रयासमा पूरा भएको थियो। त्यो भन्दा बढि आश्वासन, भरोसा, ढाडस र वचनवद्धता हामीलाई अरू के चाहिन्छ र?

**परमेश्वरले तपाईंसँग शपथ खानुभएको थियो भन्ने धारणाले तपाईंलाई कस्तो अनुभव हुन्छ? तपाईं अयोग्य, पापी, कमजोर, निरिह भएतापनि, त्यस धारणाले तपाईंको मुक्ति ग्यारेन्टी छ भनेर तपाँईलाई कसरी प्रत्याभूति दिंदछ?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित *द आक्टस् अभ आपोस्टलसको* पृ. ५३९-५४५को "जोन द बिलभ्द" र *द डिजाएर अभ एजेजको* पृ. ७१६-७२२को "जुडास" पढ्नुहोस्।

"विश्वको मानवीय इतिहासमा आफूसँग आफै लड्ने वा स्वयुद्ध सबभन्दा ठूलो युद्ध हो। आफ्नो स्वार्थसँग लड्ने युद्ध निरन्तररूपमा चलिरहेको हुन्छ। आफ्नो स्वार्थलाई त्याग्न, परमेश्वरको इच्छामा आफ्नो इच्छालाई समर्पण गर्नको निम्ति ठूलो संघर्ष गर्नुपर्छ। तर कोही, पवित्र, निर्दोष र शुद्ध जीवन बिताउन चाहन्छ भने, उसले आफ्नो प्राण परमेश्वरलाई समर्पण गर्नैपर्छ" एलेन जी ह्वाइट, *स्टेप्स टु क्राइस्ट,* पृ. ४३बाट रूपान्तरित।

"यूहन्ना येशूजस्तै हुन चाहेका थिए, र मानिसको जीवनलाई आमूल परिबर्तन गर्ने ख्रीष्टको प्रेमको प्रभावमा उनी नम्र, सोझो र घमण्डरहित भएका थिए। उनको आफ्नो स्वार्थ येशूभित्र लुकिएको थियो। उनका सबै सहकर्मीहरूमा, त्यस अचम्मको जीवनको शक्तिलाई यूहन्नाले आफूलाई सुम्पिएका थिए...

"येशूप्रतिको अगाढ र गहिरो प्रेमले गर्दा नै यूहन्ना जहिले पनि उहाँको निकट हुन चाहेका थिए। उद्धारकर्ताले सबै बाऱ्ह चेलाहरूलाई प्रेम गर्नुहुन्थ्यो, तर तिनीहरूमा उहाँलाई ग्रहण गर्ने आत्मा सबभन्दा धेरै यूहन्नाको थियो। उनी अरू चेलाहरूभन्दा उमेरमा कमै थिए। बालकमा भएको भरोसा राख्ने विश्वास उनमा बढी थियो, जसले गर्दा उनले आफ्नो हृदय येशूप्रति खुला राख्न सकेका थिए। त्यसले गर्दा, उनी येशूको नजरमा धेरै सहानुभूति प्राप्त गर्ने अवसर पाएका थिए। त्यसको फलस्वरूप, उद्धारकर्ताले गहिरो आत्मज्ञानको शिक्षा उनीबाट अरू मानिसहरूलाई सञ्चार गर्न सक्नुभएको थियो...

"उनलाई आमूल परिवर्तन गर्ने पवित्रताको सौन्दर्यता उनको अनुहारबाट चम्केको थियो। उनको अनुहार हेर्दा येशूको जस्तै तेज उनमा थियो। श्रद्धा, भक्ति र प्रेमले भरिपूर भएर उनले येशूतिर हेरका थिए, जसको फलस्वरूप, उनी येशू जस्तै हुन पुगेका थिए। उनको तिब्र चाहना नै येशूको

सङ्गतमा रहनु थियो। उनको चरित्रले उनको स्वामीको चरित्रलाई प्रतिबिम्ब गरेको थियो।"-एलेन जी ह्वाइट, द आक्टस अभ द आपोस्टलस्, पृ. ५४४,५४५बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. अत्यन्तै प्रिय चेला यूहन्नाको र यहूदा इस्कर्योतीका जीवनहरू एक आपसमा बिपरित थिए। सुरुमा, जब येशूले यूहन्ना र उनका दाजुलाई भेटेका थिए, तब उहाँले तिनीहरूलाई बोनर्जीज वा वज्रका छोराहरू भन्नुभएको थियो। यूहन्नाको चरित्रमा गम्भिर कमजोर वा खोटहरू थिए। यहूदासँग पनि कमजोर वा चरित्रमा खोटहरू थिए तर ती चरित्रहरू यूहन्नाको जस्तो गम्भिर र नाटकिय थिएनन्। तर, दुवै जना येशूका चेलाहरू थिए, दुवै जनाले येशूलाई हेरिरहेका थिए। तर, यूहन्नाचाहिँ येशूको स्वरूपमा किन परिवर्तन भए जब यहूदालेचाहिँ पवित्र आत्माको विरुद्धमा पाप गरे। ती दुई चेलाहरूमा के भिन्नता थियो?**

**आ. येशूले आफ्ना भक्तहरूलाई आआफ्नै क्रूसहरू बोकेर उहाँलाई पछ्याऊ भन्नुभएको थियो। आफ्नो क्रूस आफैले बोक्नु र कसैको दमन, हेपाइ र दुर्व्यवहारमा समर्पण गर्नुको बीचमा के भिन्नता छ?**

**इ. हाम्रो पूरै जीवन र प्राण परमेश्वरमा समर्पण गर्न परमेश्वरले किन अपेक्षा गर्नुहुन्छ?**

**ई. आत्मनिर्णयको स्वतन्त्रता र मुक्तिको बीचमा के सम्बन्ध छ?**

## कथा ७
## टिनाको परिक्षा
## टिना आल्भस्, ३९



टिमोर-लेस्टका टिना, उनका श्रीमान र चार जना छोराछोरीहरूको निम्ति आर्थिक अवस्था कमजोर थियो। टिना ग्राहकलाई सत्कार गर्थी भने उनका श्रीमान काम गर्ने यन्त्रशालामा आम्दानीको रेखदेख गर्थी। जसोतसो गरेर तिनीहरूले गुजारा तारेर एक जना छोरोलाई छिमेकी देश इन्डोनेसियाको एडभेन्टिस्ट आवासिय स्कूलमा पठाउन सकेका थिए। छोरो लागि पढाउन धेरै महंगो भइरहेको थियो। परिवारमा भएका मृत्युहरू र अरू सङ्कटले पैसा तिर्न तिनीहरूलाई धौधौ भइरहेको थियो। टिनालाई के गरौं के गरौं भइरहेको थियो। अस्ट्रेलियाको स्ट्रबेरी खेतबारीमा वर्षको छ महिना काम गर्न आफूलाई खटाइन्। त्यसबाट केही आम्दानीले केही खर्च तान्छ कि भनेर उनले आशा गरेकी थिइन्। टास्मेनियाको बारीमा उनी काम गर्न थालिन्। पहिलो हप्तामा यदि शनिबार काम गरे जग्गा धनीले उनलाई दोबर तलब दिने घोषणा गरे। उनको साथीले त काम गरिन् तर शनिबार उनी आफ्नै कोठामा बसिरहिन्। दुई महिना उनी आफ्नै कोठामा साबथमा आराधना गर्न थालिन्। एक दिन साबथ एडेन्टिस्ट चर्चमा जान नजिकको सहर लौकेस्टमा गइन् तर त्यहाँ तिनी हराइन्। चिन्तित भएर आफ्नो बारीमा उनी फर्कन थालिन्। दुई घन्टा हिंडेपछि उनले एक जना मानिस आफ्नो चौरमा काम गरिरहेको उनले देखिन्। "नमस्ते दाजु, बस स्टेशन कहाँ छ मलाई देखाइदिनुहोस् न?" उनले अनुरोध गरिन्। "तपाईं कहाँबाट आउनुभएको र कहाँ जाँदै हुनुहुन्छ?" उनले सोधे। "म टिमोर-लेस्टबाट आएको हुँ र म एडभेन्टिस्ट चर्चमा जान चाहन्छु," उनले जवाफ दिइन्। "ए, मेरी श्रीमती एडभेन्टिस्ट हुन्। तर उनी चर्चमा जाँदैन। तर चर्चका अरू केही विश्वासीहरूलाई मैले चिनेको छु।" उनले टिनालाई एक जना विश्वासीको घरमा लगिदिए र साबथमा आराधना गर्न थालिन्। चर्चका सदस्यहरूले उनलाई सत्कार गरे र उनलाई खानेकुरा, लुगा र भान्साको निम्ति

सामान पनि दिए। उनीसँग हातभरि उपहारहरू भएकोले उनका कोठेमित्र र अरू साथीहरू उनीप्रति डाहा गर्न थाले। "तिमी अस्ट्रेलियामा आउनुको के मूख्य कारण हो। शनिबार पनि तिमी किन काम गर्दैनौ, शनिबार काम गर्यौं भने दोबर पाउँछौं, तर तिमी त रमाइलो गर्नमात्र यहाँ आएका रहेछौ," तिनीहरूले उनलाई सम्झाए। तिनीहरूको आरोपप्रति टिनालाई दुःख लाग्यो। "म छ दिन काम गर्छु र एक दिनमात्र प्रभुलाई मेरो दिन दिन्छु। मलाई दोबर पैसाको निम्ति काम नगरेतापनि उहाँले मलाई सहायता गर्नुहुन्छ भन्ने कुरा मलाई थाहा छ," उनले तिनीहरूलाई सुनाइन्। कर्मचारीहरूले जमिन्दारलाई टिनाले शनिबार पनि काम गरुन् भनेर दवाव दिए। तर कामको सुरुमै आफू एडभेन्टिस्ट भएको र उनलाई शनिबार काम गर्न कर छैन भनेर उनले तिनीहरूलाई सुनाए। अस्ट्रेलिया स्वतन्त्र देश हो र मानिसहरू जुन दिन मनलाग्यो त्यो दिनमा प्रभुको आराधना गर्न सकिन्छ भनेर पनि तिनीहरूलाई सम्झाए। कामको सुरुमै म बरु आफ्नै देशमा फर्किन्छु तर शनिबार काम गर्दिन भनेर हाकिमलाई सुनाएकी थिइन्। समय बित्दै गएपछि अरू चार जना कामदारहरू पनि टिनासँग चर्च जान थाले। छ महिनापछि आफूले ठिक काम गरेको छ कि भनेर टिनाले सोच्न थालिन् किनकि स्कूलको पैसा तिर्न पनि उनीसँग पर्याप्त पैसा जम्मा गर्न सकिनन्। तर जब उनी आफ्नो देशमा फर्के तब उनका साथीहरूको भन्दा बढि पैसा उनीसँग रहेछ। के भयो त? अस्ट्रेलिया छोड्नुभन्दा अघि उनका विश्वासीमित्रहरूले उनलाई उपहार र खामको चाङ्ग दिए। चर्चको बाथरुमा खामहरू खोल्दा त त्यहाँ पैसा पो रहेछ। उनीसँग यस्तो पैसा थियो कि उनले शनिबार दोबर काम गरेको भन्दा बेसी थियो। आँखाभरि आँशु झारेर उनी घुँडा टेकिन्, "प्रभु तपाईंका यी अचम्मका आशिषहरूको निम्ति म तपाईंलाई धन्यवाद दिन्छु। यो अचम्मको छ कि मैले यतिको पैसा पाउनुछु भनेर सोचेको पनि थिइनँ। तर तपाईंले मलाई सबै थोक दिनुभयो। येशूले लूका १८:२७मा भनेकै अनुसार मलाई भयो, "मानिसहरूका लागि जे असम्भव छ, त्यो परमेश्वरको लागि सम्भव छ।"

*-**लेखक** रेमोन्ड हाउस।*